# निक्षेप तथा कर्जा सुरक्षण कोष
## Deposit & Credit Guarantee Fund
(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

अंक ३ वर्ष २ (चैत्र २०८०)


## स्टार्टअप उद्यम कर्जा सुरक्षणको लागि समझदारी/सम्झौतापत्रमा त्रिपक्षीय हस्ताक्षर



निक्षेप तथा कर्जा सुरक्षण कोष र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान तथा राष्ट्रिय वाणिज्य बैंकबीच वि.सं.२०८० माघ २४ गते स्टार्टअप उद्यम कर्जा सुरक्षणको लागि छुट्टाछुट्टै समझदारी र सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ। समझदारी/सम्झौतापत्रमा निक्षेप कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र प्रतिष्ठानको तर्फबाट कार्यकारी निर्देशक उमेश कुमार गुप्ता तथा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ। समझदारी तथा सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा वाणिज्य मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौला, नारायण प्रसाद शर्मा दुवाडी लगायत सहसचिवहरुको उपस्थिति रहेको थियो भने कोष, प्रतिष्ठान र बैंकको विशिष्ट पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

## शुभकामना

**नववर्ष २०८१ सालको पावन अवसरमा समस्त सदस्य संस्था र शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### यस भित्र


- कोषको सञ्चालक समितिमा परिवर्तन
- तालिम कार्यक्रम
- कोष र कुमारी बैंकबीच सम्झौतापत्रमा हस्ताक्षर
- कर्जा सुरक्षणका लागि बैंक तथा वित्तीय संस्थासँगको सम्झौता
- कोष र चन्द्रागिरी नगरपालिका बीच सहकार्य गर्ने
- गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम
- नियुक्ती, बढुवा तथा अवकाश
- स्टार्टअप उद्यम कर्जा कार्यक्रमबारे संक्षिप्त जानकारी
- तेस्रो रणनीतिक योजनाको सारसंक्षेप

## सम्पादकीय

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा ५५ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको ४ करोड ११ लाख ५ हजार प्राकृतिक निक्षेपकर्ताहरुको रकम रु.१३ खर्ब ८३ अर्ब ७९ करोड २५ लाख निक्षेप कोषमा सुरक्षण भएको छ । उक्त रकम निक्षेप रकमको २२.४५ प्रतिशत र प्राकृतिक निक्षेपकर्ताको निक्षेप रकमको ३५.७६ प्रतिशत हो ।

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ३८०० जना कृषकहरुले खरीद गरेको ७२१८ वटा पशुधनहरुको रु.४१ करोड ८३ लाख ६६ हजार कोष समक्ष सुरक्षण गरिएको छ । यस अवधिमा २१९ पशुपालक कृषकको २५० पशुधनको रु. ९६ लाख ५४ हजार दावी भुक्तानी गरेको छ ।

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ४ वटा सदस्य संस्थाबाट ६,१६६ कर्जा संख्याको रु.१४ अर्ब १० करोड ८७ लाख ९ हजार बराबरको कर्जा सुरक्षण भएको छ । यस अवधिसम्ममा ५ जना ऋणीको रु.५५ लाख १६ हजार दावी रकम भुक्तानी गरिएको छ ।

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा कृषि कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १३,४८९ ऋणीको रकम रु.१४ अर्ब ८२ करोड ३५ लाख ७८ हजार कोषसँग सुरक्षण भएको छ । यस अवधिसम्ममा कुनै पनि ऋणीको दावी भुक्तानी भएको छैन ।

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा लघुवित्त तथा विपन्नवर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १४,२१,८६६ ऋणीको रकम रु.२ खर्ब १९ अर्ब २९ करोड ४८ लाख १६ हजार कोषमा सुरक्षण भएको छ । यस अवधिसम्ममा ७,८७३ ऋणीलाई रु.१६ करोड ७० लाख ६९ हजार प्रथम किस्ता र २,३११ जना ऋणीलाई रु.४ करोड ६३ लाख ४९ हजार दोस्रो किस्ता गरी जम्मा रकम रु.२१ करोड ३४ लाख १८ हजार दावी भुक्तानी गरिएको छ ।

आर्थिक वर्ष २०८०।८१ चैत्र मसान्तसम्ममा सहुलियतपूर्ण कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ७६,१७७ ऋणीलाई प्रवाह भएको कर्जा रकम रु.४२ अर्ब ४१ करोड १८ लाख ८२ हजार कोषमा सुरक्षण भएको छ । यस अवधिमा २ जना ऋणीको रु. ३ लाख १३ हजार प्रथम किस्ता दावी भुक्तानी गरिएको छ ।

कोषले संचालन गरेका कर्जा सुरक्षण कार्यक्रमहरु मध्ये लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम कर्जा र कृषि कर्जासँग सम्वन्धित कार्यक्रमहरुमात्र प्रभावकारी रहेको तर अन्य सुरक्षण कार्यक्रमहरु प्रति बैंक/वित्तीय संस्थाहरुको आकर्षण नरहेको देखिएको छ । तसर्थ प्रचलनमा नभएका सुरक्षण कार्यक्रमहरुमा बैंक/वित्तीय संस्थाहरुलाई आवद्ध गराउन त्यस्ता कार्यक्रमहरु पुनर्तर्जुमा गर्नुपर्ने खाँचो पैदा भएको छ । मौजुदा कार्यक्रमहरुमा समयानुकुल परिमार्जन गरेर बैंक/वित्तीय संस्थाहरुको सुरक्षण आवश्यकतालाई उपयुक्त तवरले सम्बोधन गर्न कोष क्रियाशील छ । त्यसैगरी उत्पादनशील र रोजगारमूलक क्षेत्रमा कर्जा प्रवर्द्धनलाई थप प्रोत्साहित गर्न नवप्रवर्तित उपायको खोजी गरी नवीनतम सुरक्षण योजना तर्जुमा गरिनुपर्ने कुरालाई कोषले प्राथमिकतामा राखेको छ ।

**प्रकाशक**
निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं
फोन: ०१-४५१०६५९, ४५२१२४१
Email: info@dcgf.gov.np
Web: www.dcgf.gov.np

**सल्लाहकार**
श्री रमेश घिमिरे,
प्रमुख कार्यकारी अधिकृत

**सम्पादक समूह**
श्री रुमा गुरुङ्ग
श्री अच्युत पन्त
श्री श्याम कृष्ण शाही

## कोषको सञ्चालक समिति सदस्यमा परिवर्तन

मति २०८०।०९।०१ गतेदेखि लागू हुने गरी नेपाल राष्ट्र बैंकको तर्फबाट कोषको सञ्चालक समितिको सदस्यमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री नरेश शाक्यलाई नियुक्त गरिएको छ । यस अघि उक्त स्थानमा यसै बैंकका कार्यकारी निर्देशक श्री तुलसी प्रसाद घिमिरेले प्रतिनिधित्व गर्नु भएको थियो ।



नेपाल सरकार (सचिवस्तर)को मिति २०८०/१२/०६ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको सदस्यमा कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालयका सहसचिव श्री अरुणा जोशीलाई नियुक्त गरिएको छ । यस अघि उक्त स्थानमा यसै मन्त्रालयका सहसचिव श्री निर्मला अधिकारी रहनु भएको थियो ।

## तालिम कार्यक्रम

विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा पछिल्लो ६ महिनामा देहाय बमोजिमका कर्मचारीहरु सहभागी हुनु भएको छः



| तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|
| Effective Workplace Communication Skill Training | National Training and Research Academy Pvt. Ltd. | प्रधान सहायक पुष्पा भट्ट |
| | | प्रधान सहायक विमला जोशी |
| Positive Attitude and Stress Management | Nepal Yoga Institute & Retreat P.Ltd | प्रबन्धक विनोद पन्त |
| | | सहायक कम्प्युटर अधिकृत राजु के.सी |
| | | सहायक अधिकृत रामचन्द्र पराजुली |
| | | वरिष्ठ कम्प्युटर सहायक अर्जुन सिंह ठगुन्ना |
| | | कम्प्युटर सहायक नारायण विष्ट |
| | | सहायक डिल्लीराम लम्साल |
| Mind Management Workshop | Srishti Sadhana Kendra | प्रधान सहायक विजय कुमार थिङ |
| Training Program on Public Procurement Management | Smart Pvt. Ltd | प्रबन्धक विनोद पन्त |
| | | नायव प्रबन्धक अच्युत पन्त |
| Training on Nepal Financial Reporting Standards (NFRS) | The Institute of Chartered Accountants of Nepal | नायव प्रबन्धक विदुर पराजुली |
| | | सहायक अधिकृत राम ब. के.सी. |

## कोष र कुमारी बैंकबीच सम्झौता



निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंक लिमिटेड, काठमाडौंबीच वि.सं. २०८० पुस ५ गते बैंकले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै उपशीर्षक 'केबिएल स्मार्ट बिजनेस लोन फर आईटि कम्पनी' मा प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने गरी सम्झौता भयो ।

कर्जा सुरक्षण नियमावली, २०८० (चौथो संशोधन) को नियम ३७ (५) मा कुनै सदस्य संस्थाले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश हुने गरी सुरक्षण गर्न सकिनेछ भन्ने व्यवस्था कार्यान्वयनमा आए पश्चात कोषको कुमारी बैंकसँगको सम्झौता पहिलो हो ।

## कर्जा सुरक्षणका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँग सम्झौता



कोषको शाखा कार्यालय जनकपुरले लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रममा मधेश प्रदेशमा अवस्थित श्रृजनशील लघुवित्त वित्तीय संस्था र पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत महुली लघुवित्त वित्तीय संस्था र समाज लघुवित्त वित्तीय संस्थासँग सम्झौता भएको छ ।

## निक्षेप तथा कर्जा सुरक्षण कोष र चन्द्रागिरि नगरपालिका बीच सहकार्य



चन्द्रागिरि नगरपालिकाको उत्पादन, रोजगारी तथा व्यवसाय प्रवर्द्धन गर्न वित्तीय संस्थाहरुको समन्वयमा दिइने विशेष व्याज अनुदान कार्यविधि, २०७९ बमोजिम बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको सुरक्षण गर्न निक्षेप तथा कोष सुरक्षण कोष बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले हस्ताक्षर गर्नुभएको छ । कार्यक्रममा नगर प्रमुख घनश्याम गिरी लगायत नगरपालिका र कोषका अन्य पदाधिकारीहरु सहित पत्रकारहरुको उपस्थिति रहेको थियो ।

## गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम

कोषले सञ्चालन गर्दै आएका कर्जा सुरक्षण कार्यक्रमको बजार प्रवर्द्धन तथा विस्तारको कार्यलाई निरन्तरता दिन र सुरक्षण कार्यक्रमबाट सिर्जित लाभका सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई सुसूचित गर्ने तथा बजारको सुरक्षण आवश्यकता, मौजुदा कार्यक्रमहरुमा रहेका समस्या पहिचान गरि सोको निराकरणका लागि राय सुझाव संकलन गर्ने उद्देश्यले समय समयमा अन्तरक्रिया/गोष्ठी कार्यक्रम आयोजना गर्दै आएको छ। बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा वि.सं. २०८० मंसिर १५ गते विराटनगरमा, वि.सं. २०८० पुष २२ गते पोखरामा र शाखा कार्यालय भरतपुरसँग कारोबार गर्ने वित्तीय संस्थाका प्रतिनिधिहरु, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख र प्रतिनिधिहरुको उपस्थितिमा वि.सं. २०८० फाल्गुण २४ गते बुटवलमा

एक दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रमहरु सञ्चालन गरियो ।



मधेश प्रदेश सरकार र धनुषा जिल्लाका स्थानिय सरकारसँग सामाजिक विकास र अनुसन्धान केन्द्रको आयोजना र कोषको सहजिकरणमा वि.सं. २०८० माघ २२ गते जनकपुरमा युवाहरुलाई रोजगारमुखी सूचना प्रविधि तालिम कर्जा कार्यक्रम सम्बन्धि एक दिने अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो ।




## नियुक्ति, बढुवा तथा अवकाश

कोषको तह ७ अधिकृत पदमा कार्यरत सिर्जना गौतमले स्वेच्छिक राजिनामा दिई वि.सं. २०८० मंसिर २२ गते कोषको सेवाबाट अलग हुनु भएको छ। प्रधान सहायक पदमा कार्यरत कृष्ण प्रसाद सुवेदीले कोषमा ३० वर्ष सेवा अवधी पुरा गरी अनिवार्य अवकाश लिई वि.सं. २०८० माघ २१ गते कोषको सेवाबाट अलग हुनु भएको छ ।



त्यस्तै कोषको रिक्त रहेको तह ६, सहायक अधिकृत प्रशासन पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ण बहादुर खड्का र तुलसी लेखक नियुक्ति हुनु भएको छ ।

कोषमा रिक्त विभिन्न पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्तिका लागि लिइएको लिखित परीक्षा तथा अन्तर्वाताबाट छनौट हुनु भएका देहाय बमोजिमका उम्मेदवारहरु कोषको सेवामा प्रवेश गर्नु भएको छ ।

| क्र.सं. | तह | पद | उम्मेदवारको नाम, थर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १ | ७ | अधिकृत | चन्द्रकला सुनार | २०८०/११/०१ |
| २ | ५ | प्रधान सहायक | मुना नेपाल | २०८०/११/०१ |
| ३ | ५ | प्रधान सहायक | निर्गेश के.सी. | २०८०/११/०१ |
| ४ | ५ | प्रधान सहायक | दिपक थापा मगर | २०८०/११/०१ |
| ५ | ५ | प्रधान सहायक | बविता शाह | २०८०/११/०१ |
| ६ | ४ | सहायक | दिपक घतानी | २०८०/१२/०१ |
| ७ | ७ | अधिकृत | पुष्कर कोइराला | २०८०/१२/१२ |



## स्टार्टअप उद्यम कर्जा कार्यक्रमबारे संक्षिप्त जानकारी

नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप उद्यम कर्जाको अवधारणा ल्याएको हो। स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ।

स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि, २०८० को व्यवस्था बमोजिम बैंकले स्टार्टअप उद्यममा नेपाल सरकारको स्वीकृत बजेटको सीमाभित्र रही प्रवाह भएको कर्जाको सुरक्षण कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ।

## स्टार्टअप उद्यम कर्जाको विशेषता

कर्जा रकमः रु. २५ लाख सम्म

- ५ लाखसम्मको - १ किस्तामा
- १५ लाखसम्मको - २ किस्तामा
- २५ लाखसम्मको - ३ किस्तामा

कर्जाको अवधि - अधिकतम ५ वर्ष

ब्याजदर - वार्षिक ३ प्रतिशत

सेवा शुल्क - अधिकतम ०.१ प्रतिशत

धितो - व्यवसाय वा परियोजना

## स्टार्टअप उद्यम कर्जाका मापदण्ड

- प्रचलित कानून बमोजिम दर्ता भई ७ वर्ष ननाघेको
- कुल चुक्ता पूँजी दुई लाख देखि दश लाख रुपैयाँसम्म
- उद्यमको कारोबार वार्षिक दुई करोड रुपैयाँभन्दा बढी नभएको
- स्थिर सम्पत्ति (घर जग्गा बाहेक) दुई करोड भन्दा बढी नभएको
- वस्तु तथा सेवा विदेशबाट आयात गरी बिक्री वितरण नगर्ने
- कालो सूचीमा नपरेको
- होल्डिङ वा लगानी कम्पनी नभएको

## स्टार्टअप उद्यम कर्जा प्रवाहको क्षेत्र

- कृषि तथा पशुपन्छीसँग सम्बन्धित,
- पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित,
- वन पैदावारसँग सम्बन्धित,
- विज्ञान, प्रविधि, सूचना तथा सञ्चारसँग सम्बन्धित,
- मानव स्वास्थ्य सेवासँग सम्बन्धित,
- शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,
- सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,
- अटोमोबाइलसँग सम्बन्धित,
- परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधारसँग सम्बन्धित,
- खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित,
- घरायसी वा दैनिक जीवनयापनसँग सम्बन्धित,
- खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित,
- फोहोरमैला व्यबस्थापन तथा वातावरण संरक्षणसँग सम्बन्धित,
- विपद व्यवस्थापनसँग सम्बन्धित,
- वैकल्पिक तथा नवीकरणीय उर्जासँग सम्बन्धित,
- जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित।

## स्टार्टअप उद्यम कर्जा प्रवाह विधि प्रक्रिया

**प्रस्ताव आव्हानः**

- इच्छुक उद्यमीलाई २१ दिन भित्र परियोजना प्रस्ताव पेश गर्न पत्रिका र विद्युतीय माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्ने

**प्रस्ताव पेश गर्नेः**

- उद्यमीले सूचनामा निर्धारित समयभित्र प्रतिष्ठान समक्ष परियोजना प्रस्ताव पेश गर्नुपर्ने
- एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न पाइने छैन।

**प्रस्तावको मूल्याङ्कन तथा सिफारिसः**

- सूचीकृत योग्य प्रस्तावकको प्रस्तुतीकरणबाट प्रारम्भिक छनौट
- छनौट भएको प्रस्ताव बमोजिमको स्टार्टअप उद्यमको लागि कर्जा लगानी गर्न बैंकलाई सिफारिस गर्ने
- सिफारिस भएको परियोजनाको विवरण प्रतिष्ठानले आफ्नो वेबसाइटमा सार्वजनिक गर्ने
- सिफारिस भएको ३० दिन भित्र प्रस्तावकले बैंक (राष्ट्रिय वाणिज्य बैंक लि.)मा सम्पर्क गर्नुपर्ने
- अवधिभित्र सम्पर्क गर्न नआउने प्रस्तावकको परियोजना प्रस्ताव र सिफारिस स्वतः रद्द हुने।

**मूल्याङ्कनको आधारहरु**

- मापदण्ड पुरा गरे नगरेको
- बजारको सम्भावना
- पूर्वाधारको उपलब्धता
- कच्चा पदार्थको स्रोत
- जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय

**कर्जा चुक्ता नगरेमा हुने कारवाही**

- कर्जालाई प्रचलित कानून बमोजिम खराब कर्जामा गणना गर्ने,
- उद्यमीको राहदानी रोक्का राख्ने,
- उद्यमीको नाममा रहेको कुनै चल अचल सम्पत्ती विक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने,
- उद्यमीको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्ने,
- नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वन्चित गर्ने ।

## कोषको तेस्रो रणनीतिक योजनाको सारसंक्षेप

कोषको विद्यमान व्यवसायको आकार, चुनौती तथा जोखिम आत्मसात् गरी वार्षिक रुपमा सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएका कार्यलाई दीर्घकालिक रणनीतिक योजनासँग आबद्ध गराई अघि बढ्नुपर्ने आवश्यकता देखी कोषले निर्धारित लक्ष्य, नेपाल सरकारले वित्तीय स्थायित्वका लागि तय गरेका नीति र बैंक तथा वित्तीय संस्थाहरूको नियामक निकायका रणनीतिक योजना प्राप्ति सम्बन्धी विषय समेतलाई ध्यानमा राखी आर्थिक वर्ष २०८०/८१ देखि आर्थिक वर्ष २०८४/८५ सम्मका लागि पञ्चवार्षिक रणनीति योजना तयार गरेको छ । उत्पन्न प्रतिकूल परिवेश र चुनौतीलाई अवसरमा बदल्दै आगामी ५ वर्षको अवधिमा थप प्रगति हासिल गरी कोषको समग्र आर्थिक तथा प्रशासनिक पक्षमा उल्लेख्य सुधार गर्ने अभिप्रायले तेस्रो रणनीतिक योजना तर्जुमा गरिएको हो ।

### दूरदृष्टि (Vision)

**विश्वसनीय कर्जा एवम् निक्षेप सुरक्षण सेवाप्रदायक संस्थाको रूपमा स्थापित हुने ।**

### लक्ष्य (Mission)

**सर्वसाधारणको निक्षेप र लक्षित वर्ग तथा क्षेत्रमा प्रवाहित संस्थागत कर्जाको सुरक्षण गरी बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने**

### उद्देश्य (Objectives)

**क. सर्वसाधारणको निक्षेप र संस्थागत कर्जाको संरक्षण गर्ने ।**

**ख. सर्बसाधारणको आर्थिक हितको संरक्षण र सम्वर्द्धन गर्ने ।**

**ग. सुरक्षण कोषलाई सुदृढ बनाउने ।**

# कोषको सबल पक्ष, कमी कमजोरी, अवसर र सीमा (SWOL) को विश्लेषण

## S
### सबल पक्ष (Strengths)

- विशेष ऐनबाट स्थापित
- निक्षेप र कर्जा सुरक्षणको कार्य गर्ने एक मात्र निकाय
- सरोकारवालाहरूमा सरकारी स्वामित्वको कारण सिर्जित विश्वसनीयता
- प्रभावकारी सुपरीवेक्षणको दायरामा रहेका बैंक तथा वित्तीय संस्थाहरू कोषको ग्राहक हुनु
- व्यवसाय र आयमा निरन्तर वृद्धि हुँदै जानु
- अर्थशास्त्र, बैंकिङ्ग, लेखा, कानून लगायत कोष संचालनका बहुसंख्यक विधामा अनुभव प्राप्त वरिष्ठ पदाधिकारी सम्मिलित सञ्चालक समिति
- आधा शताब्दी लामो अनुभव

## W
### कमी कमजोरी (Weaknesses)


- न्यून पूँजी कोष
- बढ्दो कार्यबोझको अनुपातमा दक्ष एवम् सक्षम व्यावसायिक जनशक्तिको कमी
- कमजोर सूचना प्रविधि पूर्वाधार
- दक्ष जनशक्तिलाई सेवामा टिकाई राख्न नसक्नु
- पशुधन सुरक्षण कार्यक्रमको विस्तार अपेक्षाकृत हुन नसक्नु
- अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरणमा कमी

## O
### अवसर (Opportunities)


- कर्जा तथा निक्षेप सुरक्षण दुवैतर्फ व्यवसाय विस्तारको प्रचुर सम्भावना
- निक्षेप तथा कर्जाको बढ्दो आकार
- सुरक्षण कार्यक्रम प्रतिको आकर्षणमा वृद्धि
- वित्तीय साक्षरता र वित्तीय समावेशितामा वृद्धि
- नियामकीय प्राथमिकता एवं सरकारी नीति


## L
### सीमा (Limitations)

- नैतिक जोखिम (moral hazard)
- सूचना प्रविधि एवम् प्रणालीको बढ्दो जोखिम
- बढ्दो बैंकिङ्ग कसुर
- कमसल कर्जामा वृद्धि
- कर्जाको मागमा गिरावट
- न्यून बचतयोग्य आय
- पशुधन सुरक्षण व्यवसायमा उच्च प्रतिस्पर्धा
- जीवन बीमालेखको सुरक्षणमा कर्जा प्रवाह गर्ने प्रवृत्ति




## मूलभूत मान्यताहरू (Core values)



# रणनीतिक योजनाको मार्गचित्र



**आ.व. २०८३/८४ चौथो वर्ष**

पूजींकोष : ३५ अर्ब
कर्जा सुरक्षण रकम : ३ खर्ब
निक्षेप सुरक्षण रकम : १५.२० खर्ब
संचालन आम्दानी : ६.०९ अर्ब

**आ.व. २०८४/८५ अन्तिम वर्ष**

पूजींकोष : ३८ अर्ब
कर्जा सुरक्षण रकम : ३.१४ खर्ब
निक्षेप सुरक्षण रकम : १५.९६ खर्ब
संचालन आम्दानी : ६.३३ अर्ब

**आ.व. २०८१/८२ दोस्रो वर्ष**

पूजींकोष : २९ अर्ब
कर्जा सुरक्षण रकम : २.८३ खर्ब
निक्षेप सुरक्षण रकम : १३.७९ खर्ब
संचालन आम्दानी : ५.६७ अर्ब

**आ.व. २०८२/८३ तेस्रो वर्ष**

पूजींकोष : ३२ अर्ब
कर्जा सुरक्षण रकम : २.९५ खर्ब
निक्षेप सुरक्षण रकम : १४.४८ खर्ब
संचालन आम्दानी : ५.९१ अर्ब

**आ.व. २०८०/८१ प्रथम वर्ष**

पूजींकोष : २६ अर्ब
कर्जा सुरक्षण रकम : २.८१ खर्ब
निक्षेप सुरक्षण रकम : १३.१३ खर्ब
संचालन आम्दानी : ५.५५ अर्ब

**आ.व. २०७९/८० आधार वर्ष**

पूजींकोष : २३ अर्ब
कर्जा सुरक्षण रकम : २.७२ खर्ब
निक्षेप सुरक्षण रकम : ११.६८ खर्ब
संचालन आम्दानी : ५.५२ अर्ब

## पत्रपत्रिकाबाट

८ कारोबार karobardaily.com संवाद आइतबार, २९ पुस २०८० SUNDAY, 14 JANUARY 2024

# कसरी धेरै 'इन्नोभेटिभ' हुने भन्नेतर्फ ध्यान केन्द्रित गरिरहेका छौं




**स्थापनाको ५० वर्ष पुगिसकेको निक्षेप तथा कर्जा सुरक्षण कोषबारे समय-समयमा सरकारका प्रतिनिधिले नै टिप्पणी गर्छन्, 'कोषको भूमिका के हो ? किन सुस्त देखियो ?' वि.सं. २०३१ मा स्थापना भएसँगै बैंक तथा वित्तीय संस्थाको कर्जा सुरक्षणको काम गर्दै आएको कोषले बैंकहरूलाई नै आकर्षित गर्न नसक्दा यसबारे टीकाटिप्पणी भइरहन्थ्यो । तर, अहिले त्यो अवस्था नभएको कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे दाबी गर्छन् । कोषले वि.सं. २०६७ देखि निक्षेपको पनि सुरक्षणको काम गर्न थाल्यो । यद्यपि, पुरानै कार्यक्रममा निर्भर रहँदा कोषको काम प्रभावकारी नभएको, अन्य मुलुकमा जस्तो इन्नोभेसनतर्फ कोष नगएको टीकाटिप्पणी अझै भइरहेको छ । प्रमुख कार्यकारी अधिकृतका रूपमा कोषमा घिमिरे २०७९ असारमा नियुक्त भए । उनकै कार्यकालमा कोषको नियमावली संशोधन भयो । अब नयाँ कार्यक्रम आउने क्रममा रहेको घिमिरे दाबी गर्छन् । प्रस्तुत छ, निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेसँग *कारोबारकर्मी परिवर्तन देवकोटाले* गरेको कुराकानीको सार :**

**निक्षेप तथा कर्जा सुरक्षण कोषको भूमिका के हो ?**

अन्य मुलुकमा निक्षेप र कर्जाको सुरक्षण दुईवटा अलग-अलग निकायबाट गरिन्छ । नेपालमा भने निक्षेप तथा कर्जा सुरक्षणका लागि एउटै निकाय छ । निक्षेप र कर्जाको सुरक्षा जालोका रूपमा निक्षेप तथा कर्जा सुरक्षण कोष रहेको छ । बैंक तथा वित्तीय संस्थाहरू, जुन वित्तीय पर्यावरणमा रक्षा जालोको भूमिका कोषले निर्वाह गर्छ, अन्य मुलुकमा पनि सुरक्षा जालोको परिकल्पना गरिएको हुन्छ । विशेष गरी सन् १९३० को दशकमा आएको विश्वव्यापी आर्थिक मन्दीले धेरै बैंक डुबे । त्यसले निक्षेपकर्ताको रकम पनि धेरै डुब्ने अवस्था आयो ।

तसर्थ बैंक डुबे पनि निक्षेपकर्ताको रकम नडुबोस् भन्नका लागि सुरक्षण कोषको योजना आएको देखिन्छ । नेपालमा कर्जा सुरक्षण वि.सं. २०३१ देखि नै सुरु गरिएको थियो, निक्षेप सुरक्षणको काम भने वि.सं. २०६७ बाट मात्र सुरु गरियो । वित्तीय प्रणालीका सबैले सही तरिकाबाट प्रभावकारी काम गरे भने कोषको भूमिका देखिँदैन । अहिले आरोप छ, केही पनि गरेन भन्ने । तर, काम गर्ने बेलामा गर्ने हो, जति बेला पनि गर्ने होइन । अहिले समस्या नदेखिएर कोषको भूमिका नदेखिएको हो ।

जस्तै, फुटबलमा डिफेन्स लाइनबाट बल क्लियर हुँदासम्म गोलकिपर बिनाकामको देखिन्छ । गोलकिपरसम्म बल नपुगेकै आधारमा वा थोरै पटक बल पुगेको भनेर गोलकिपर प्रभावकारी भएन भन्नु उपयुक्त हुँदैन । कोषको स्थिति पनि त्यस्तै हो । बल पोस्टसम्म नआउनु नै राम्रो हो, तर कथंकदाचित आइहालेमा पनि कोष आफ्नो जिम्मेवारी निर्वाह गर्न तयार छ र सक्षम पनि छ । विगतमा बैंक डुब्दा पनि कोषले क्षतिपूर्ति दिएको थियो । अहिले त्यो अवस्था नरहेकाले कोषको भूमिका कम देखिएको हो । नेपालको वित्तीय क्षेत्रमा नियमन एकदम मजबुत छ । सरकार र राष्ट्र बैंकको सुझबुझपूर्ण नियमनका कारण यहाँका बैंक तथा वित्तीय संस्था हत्तपत्त डुब्ने अवस्था आउँदैन । अहिले हामी बैंक तथा वित्तीय प्रणालीप्रति सचेत छौं । निक्षेपतर्फ संस्था डुब्दा हाम्रो भूमिका आउने हो । त्यस्तै कर्जातर्फ बैंकहरूको कर्जा डिफल्ट भएमा उनीहरूले सुरक्षित गरेको कर्जाको दाबी भुक्तानी दिने हो । त्यसमा हामीले काम गरिरहेका छौं । मुलुकको कुल कर्जामध्ये दुई खर्ब ७७ अर्ब कर्जा मात्रै सुरक्षण गरेका छौं । यो कुल कर्जाको करिब पाँच प्रतिशत हो ।

यो तथ्यांक हेरेर कोषले काम नै नगरेको प्रायःमा भ्रम देखिन्छ । मुलुकको सबै कर्जा सुरक्षण योग्य कर्जा नै हैन । हाम्रो मुख्य भूमिका साना तथा मझौला उद्यम-व्यवसायलाई उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि प्रोत्साहित गर्ने हो । ठूला-ठूला व्यापार तथा उद्योगको कर्जा कोषले सुरक्षण गर्दैन । अहिले हामीले सुरक्षण गर्ने क्षेत्रको करिब ६० प्रतिशत सुरक्षण गर्न सकेका छौं । बाँकी ४० प्रतिशतका लागि पनि हामीले नयाँ कार्यक्रम ल्याउने योजना बनाएका छौं ।

**कोषको भूमिकामाथि प्रश्न उठिरहेको छ, कोषले प्रभावकारी ढंगले काम किन गर्न सकेन ?**

त्यस्तो होइन, कोषले निक्षेप तथा कर्जा सुरक्षणमा चित्तबुझ्दो तवरले नै काम गरिरहेको छ । यथार्थ के हो भने कर्जा सुरक्षणको काम अझ बढी प्रभावकारी रूपमा अगाडि बढाउन सकिने सम्भावना छ । तर, सम्भावना अनुसार कार्यक्रमले गति नलिएको हो । यसमा हामीले समस्या पहिचान गरिसकेका छौं । सबैभन्दा ठूलो समस्या नियमावली थियो । कार्यक्रमहरूलाई नियमावली स्वयंले परिभाषित गरेको थियो, जुन संकुचित थियो ।

नियमावलीले बैंक तथा वित्तीय संस्थाको समसामयिक सुरक्षण आवश्यकताअनुसार कार्यक्रम ल्याउन सक्ने विकल्प थिएन । तर, अहिले कर्जा सुरक्षण नियमावलीको चौथो संशोधन स्वीकृत गरेर लागू गरिसकेका छौं । यो संशोधनले कोषलाई बजारको समसामयिक मागअनुरूप कार्यक्रम तय गर्ने र अगाडि बढाउने ढोका खोलिदिएको छ । अब सुरक्षण कार्यक्रम अझै प्रभावकारी तवरले अगाडि बढ्ने विश्वास छ ।

**कार्यक्रम घोषणा गर्ने तर अगाडि नबढ्ने परिपाटी पनि देखियो नि ?**

नियमावली संशोधन नहुँदा पुरानै ढर्रामा कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा मात्रै कार्यक्रम हुने तर व्यवहारमा शून्य भएको अवस्था पनि थियो । जस्तैः निर्यात कर्जा सुरक्षण कार्यक्रम, शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा सुरक्षण कार्यक्रम अगाडि बढ्नै सकेनन् । जुन समयमा कार्यक्रम तर्जुमा गरियो त्यस समयमा राखिएका सर्तअनुसार बैंक तथा वित्तीय संस्था आउने आवश्यकता नै रहेन । यसलाई समसामयिक बनाउन पनि नियमावली संशोधन आवश्यक थियो । अब यो कार्यक्रम प्रभावकारी ढंगले अगाडि बढ्छ । यसबाहेकका प्रायः कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएका छन् ।

**५०औं वर्षसम्म आइपुग्दा पनि कोषले सबै बैंकलाई समेट्न सकेको देखिँदैन, यस्तो किन भयो ?**

स्थापना भएको ४९ वर्षसम्म कोषमा चारवटा मात्रै बैंक आबद्ध थिए । तर, गत वर्ष मात्रै ती चारसमेत गरी १७ वटा बैंक कोषमा आबद्ध गराइएको छ । अब प्रवाह हुने कर्जा विस्तारै सुरक्षणको दायरामा आउँछ । बैंकहरू बढी नाफामुखी भएकाले अल्पकालीन नाफालाई बढी प्राथमिकता राखेको पाइयो । त्यसकारण पनि उनीहरू सुरक्षण दायरामा आउन हिचकिचाएका थिए । तर, अहिले त सबैजसो आइसके ।

अब आउन बाँकी बैंकहरूमा नेपाल बैंक, एनएमबी बैंक र कृषि विकास बैंक मात्रै सुरक्षणको दायरामा आउन बाँकी छन् । यी बैंकहरूसँग अन्तिम चरणको छलफल भइसकेको छ । उनीहरू यही आवभित्र आउँछन् भन्ने हाम्रो विश्वास छ । बैंकहरू सुरक्षण दायरामा आउन नचाहनुका मुख्य दुई कारण हामीले देख्यौं । कोषको सुरक्षण कार्यक्रमको प्रभावकारिता र बैंकले पाउने लाभबारे पर्याप्त जानकारी दिन वा बुझाउन नै सकेनौं । यसबाहेक

अर्को कार्यक्रम अल्पकालीन नाफालाई उनीहरूले हेर्दा आउन चाहेनन् । प्रिमियम अहिले तिर्नपर्ने र कर्जाको सुरक्षण पछि मात्रै पाइने भएकाले उनीहरूलाई व्यवस्थापन गर्न गाह्रो भएको थियो । अहिले भने समस्या छैन । अहिलेसम्म करिब १० अर्बबराबरको कर्जा सुरक्षण कोष रहेको छ । गत आव कुल सुरक्षण गरिएको ०.१९ प्रतिशत कर्जाको मात्रै दाबी भुक्तानी भएको थियो । अहिले बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढ्दै गएको अवस्थामा यो केही बढी भए पनि भुक्तानीका लागि कोष सबल छ ।

**सुरक्षण कोषको सबैभन्दा बढी प्रभावकारी भएका कार्यक्रम कुन-कुन छन् ?**

अहिले सबैभन्दा राम्रो सुरक्षण कार्यक्रम लघुउद्यम तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम छ । यो कार्यक्रम एकदमै प्रभावकारी ढंगले अगाडि बढेको छ । हालसम्म जम्मा दुई खर्ब ७७ अर्बको कर्जा सुरक्षण भएको मा यसको करिब ७० प्रतिशत लघुउद्यम तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रमअन्तर्गत सुरक्षित छ । यसरी हेर्दा एक खर्ब ९० अर्ब हाराहारीको लघुउद्यम तथा विपन्न वर्ग कर्जालाई सुरक्षित गरिएको छ । बाँकी साना तथा मझौला उद्योग-व्यवसाय तथा कृषि कर्जामा सुरक्षण छ ।

**पुरानै मात्रै कार्यक्रम आयो भन्ने गुनासो सबैतिर आइरहेको अवस्थामा नियमावली संशोधनले के फरक पार्छ ? नयाँ कार्यक्रम आउँछन् त ?**

नियमावली संशोधन भएर कार्यान्वयनमा आएसँगै केही नयाँ कार्यक्रम आइसकेका छन् भने केही कार्यक्रम आउने क्रममा छन् । बढीभन्दा बढी इन्नोभेटिभ कसरी हुने भन्नेतर्फ पनि हामी ध्यान दिइरहेका छौं । अहिले रोजगारीको प्रचुर सम्भावना भएको सूचना तथा प्रविधि क्षेत्रका लागि कार्यक्रम आउने अन्तिम चरणमा छ । सूचना प्रविधि क्षेत्रमा काम गर्नका लागि नेपाली युवालाई सीप प्रदान गर्न आवश्यक तालिम हासिल गर्न लाग्ने पुँजी कर्जाका रूपमा बैंक तथा वित्तीय संस्थाबाट सहज तरिकाले पाउने गरी कार्यक्रम ल्याउँदै छौं । यो चाँडै नै सार्वजनिक हुने तयारीमा छ ।

यसमा बिनाधितो ५ लाख रुपैयाँसम्मको क्रेडिट कार्ड उपलब्ध । यस्तै डिजिटल ट्रान्जेक्सन क्रेडिट ग्यारेन्टी कार्यक्रम पनि ल्याउँदै छौं । साना तथा मझौला उद्यमी तथा व्यापारीलाई बिनाधितो ३० लाख रुपैयाँसम्म कर्जा प्रवाह गर्न सक्ने गरी कार्यक्रम ल्याउने तयारीमा छौं । यसमा केही सर्त हुन्छन् । यसबाहेक सूचना प्रविधिसम्बन्धी कम्पनीलाई ३ करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्नका लागि कुमारी बैंकसँग सम्झौता गरिसकेका छौं । यस्तै सार्वजनिक यातायातका रूपमा प्रयोग गर्न विद्युतीय गाडी खरिद गर्नका लागि ऋण उपलब्ध गराउन कर्जा सुरक्षण कार्य ल्याउँदै छौं । यो ३ करोड रुपैयाँसम्मको कर्जा कार्यक्रम हो ।

**कोषले हालसम्म कस्ता-कस्ता उपलब्धि हासिल गरेको छ ?**

स्थापनाकालदेखि नै कोषले कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । निजीस्तरका बैंक खुल्नु अघिदेखि नै निम्न वर्गीय जनतामाझ कर्जाको पहुँच विस्तार गर्न कोषले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । प्राथमिकता क्षेत्र कर्जा सुरक्षण, सघन बैंकिङ कर्जा सुरक्षण, निर्यात कर्जा सुरक्षण, शैक्षिक कर्जा सुरक्षण, तरकारी बाली कर्जा सुरक्षण, माइक्रो बस कर्जा सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण, लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण, कृषि कर्जा, साना तथा मझौला वर्ग कर्जा सुरक्षण, सहुलियतपूर्ण कर्जाको सुरक्षण लगायतका सुरक्षण कार्यक्रमहरू कोषले सञ्चालन गर्‍यो ।

नेपालमा पशुधनको बीमा हुने व्यवस्था नरहेको अवस्थामा कोषले कर्जा लिई खरिद गरेका पशुहरूको समेत सुरक्षण गरी किसानको क्षतिको समेत जोखिम न्यूनीकरण गर्दै आएको छ । यसको नतिजा मुलुकको गरिबीको अंकमा गएर देखिन्छ । २०३१/०३२ सालमा गरिबीको सूचक ५० प्रतिशतभन्दा माथि थियो, अहिले १५ प्रतिशत हाराहारीमा रहेको छ । यसले विगतको भूमिकामा हामी सफल थियौँ भन्ने पुष्टि हुन्छ ।

**नियमावली त संशोधन भयो, अब सरकारले केही सहजीकरण गर्नै आवश्यक छ कि छैन ?**

हामीले ग्यारेन्टी गर्ने कर्जालाई शून्य जोखिम मानिनुपर्छ भन्ने हाम्रो मान्यता हो । राष्ट्र बैंकको १० प्रतिशत र बाँकी सरकारको लगानी रहेको यो कम्पनी हो । यस्तो निकाय जमानत बसेको कर्जा अन्य मुलुकमा शून्य जोखिम मानिन्छ । रिस्क वेटेज् एसेस्ट रेटमा हामीले प्रवाह गरेको कर्जा शून्य जोखिम मान्ने प्रावधान अन्य मुलुकमा छ, तर यहाँ त्यस्तो भएन । ७० प्रतिशत रिस्क वेट राख्ने व्यवस्था छ, त्यो संशोधन गरेर ग्यारेन्टी गरेको हदसम्म शून्य बनाउनुपर्छ भन्ने आग्रह छ। यसो नगरिँदा सुरक्षण कोषप्रतिको विश्वास धर्मराउँछ ।

बैंक तथा वित्तीय संस्थालाई कोषबाट दाबी भुक्तानी गरिने रकम सोही अनुरूप राख्नुपर्छ । तर, कर्जा भुक्तानी भइसकेपछि पनि त्यो कर्जालाई खराब कर्जामै देखाइरहनुपर्छ । अब दाबी भुक्तानी पाइसकेपश्चात् उनीहरूले त्यसलाई अरू कुनै शीर्षकमा राख्ने व्यवस्था हुनुपर्छ, खराब कर्जाको अवस्थामा त त्यो रहँदैन नि ! यसतर्फ केन्द्रीय बैंकले ध्यान दिएमा सुरक्षण कार्यक्रमप्रति बैंक तथा वित्तीय संस्थाको आकर्षण अझ बढ्छ ।

**कोषमा तपाईंको कार्यकालमा के-के काम हुँदै छन् ?**

कोषले नियमावली संशोधन गर्नु नै पहिलो मुख्य काम हुन् । अब कोषले आवश्यकताअनुसार सुरक्षण कार्यक्रम तर्जुमा गर्न सक्छ । सुरक्षण कार्यक्रमको बजारीकरणमा पनि अहिले प्राथमिकताका साथ अगाडि बढाइएको छ । यस्तै संस्थाको सम्भावना बुझेर रणनीतिक रोडम्यापको अभाव थियो । अहिले रणनीतिक योजना बनाएर कार्यान्वयनमा ल्याइएको छ । अब हामी अहिले भइराखेका कार्यक्रमलाई पुनरावलोकन तथा परिमार्जनको दिशामा लागेका छौं । पशुधन सुरक्षण कार्यक्रम लामो समयदेखि घाटामा सञ्चालित छ । यसलाई बजारमा प्रतिस्पर्धी बनाएर अगाडि बढाउनेतर्फ काम गर्न पर्नेछ । यसका लागि मोबाइल एप बनाउने, ट्र्याकिङ गर्ने प्रणाली काम गर्नेछौं ।

**हाम्रो मुख्य भूमिका साना तथा मझौला उद्यम-व्यवसायलाई उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि प्रोत्साहित गर्ने हो । ठूला-ठूला व्यापार तथा उद्योगको कर्जा कोषले सुरक्षण गर्दैन । अहिले हामीले सुरक्षण गर्ने क्षेत्रको करिब ६० प्रतिशत सुरक्षण गर्न सकेका छौं । बाँकी ४० प्रतिशतका लागि पनि हामीले नयाँ कार्यक्रम ल्याउने योजना बनाएका छौं ।**

**नियमावलीले बैंक तथा वित्तीय संस्थाको समसामयिक सुरक्षण आवश्यकताअनुसार कार्यक्रम ल्याउन सक्ने विकल्प थिएन । तर, अहिले कर्जा सुरक्षण नियमावलीको चौथो संशोधन स्वीकृत गरेर लागू गरिसकेका छौं । यो संशोधनले कोषलाई बजारको समसामयिक मागअनुरूप कार्यक्रम तय गर्ने र अगाडि बढाउने ढोका खोलिदिएको छ ।**

**कोषको सुरक्षण कार्यक्रमको प्रभावकारिता र बैंकले पाउने लाभबारे पर्याप्त जानकारी दिन वा बुझाउन नै सकेनौं । यसबाहेक अर्को कार्यक्रम अल्पकालीन नाफालाई उनीहरूले हेर्दा आउन चाहेनन् । प्रिमियम अहिले तिर्नुपर्ने र कर्जाको सुरक्षण पछि मात्रै पाइने भएकाले उनीहरूलाई व्यवस्थापन गर्न गाह्रो भएको थियो । अहिले भने समस्या छैन ।**

**अहिले सबैभन्दा राम्रो सुरक्षण कार्यक्रम लघुउद्यम तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम छ । हालसम्म जम्मा दुई खर्ब ७७ अर्बको कर्जा सुरक्षण भएकोमा यसको करिब ७० प्रतिशत लघुउद्यम तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रमअन्तर्गत सुरक्षित छ । यसरी हेर्दा एक खर्ब ९० अर्ब हाराहारीको लघुउद्यम तथा विपन्न वर्ग कर्जालाई सुरक्षित गरिएको छ ।**

**रोजगारीको प्रचुर सम्भावना भएको सूचना तथा प्रविधि क्षेत्रका लागि कार्यक्रम आउने अन्तिम चरणमा छ । सूचना प्रविधि क्षेत्रमा काम गर्नका लागि नेपाली युवालाई सीप प्रदान गर्न आवश्यक तालिम हासिल गर्न लाग्ने पुँजी कर्जाका रूपमा बैंक तथा वित्तीय संस्थाबाट सहज तरिकाले पाउने गरी कार्यक्रम ल्याउँदै छौं ।**

**नेपालमा पशुधनको बीमा हुने व्यवस्था नरहेको अवस्थामा कोषले कर्जा लिई खरिद गरेका पशुहरूको समेत सुरक्षण गरी किसानको क्षतिको समेत जोखिम न्यूनीकरण गर्दै आएको छ । यसको नतिजा मुलुकको गरिबीको अंकमा गएर देखिन्छ ।**



बैंकिङ समाचार

सामाजिक सञ्जालमा आउने चिठ्ठा तथा उपहार आदिको प्रलोभनमा नपर्नुहोस्।

## निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंकबीच सम्झौता

बैंकिङ समाचार ५ पुस २०८०, बिहिबार

काठमाडौं- निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंक लिमिटेडबीच सम्झौता भएको छ । बिहीबार बैंकले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै उपशीर्षक 'केबीएल स्मार्ट बिजनेस लोन फर आइटी कम्पनी' मा प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने गरी दुई पक्षबीच सम्झौता भएको हो।

**वित्तिय शिक्षा कार्यक्रममा प्र. का. अ. रमेश घिमिरेले दिनु भएको अन्तर्वार्ताको भिडियो तलको बारकोड स्क्यान गरि हेर्न सकिने छ ।**





कानून संशोधन गरेर सहकारीको निक्षेप पनि सुरक्षण गर्न सकिन्छ : रमेश घिमिरे

Bittiya Shiksha 798 subscribers

124 views 3 months ago #htv #financialliteracy #guarantee



BIZPATI.COM

## युवालाई रोजगारी र उद्यममा जोड्दै कर्जा सुरक्षण, ५ लाखदेखि ३ करोडसम्म बिना धितो कर्जा



निक्षेप तथा कर्जा सुरक्षण कोष युवा शक्तिलाई रोजगारी र उद्यममा जोड्ने उद्देश्य लिएर विशेष योजना ल्याउने तयारीमा जुटेको छ। धितो राखेर मात्र कर्जा पाइने परम्परागत बैंकिङ सोचलाई समेत बदल्ने गरि कोषले पाँच लाख देखि तीन करोडसम्म बिना धितो कर्जा लिन सकिने गरि विशेष योजना ल्याउन लागेको हो।



आर्थिक प्लस www.aarthikplus.com

काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंक बीच बैंकले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै उपशीर्षक "केबीएल स्मार्ट बिजनेस लोन फर आईटी कम्पनी" मा प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।



BANKING Khabar .com

January 28th, 2024

## निक्षेप तथा कर्जा सुरक्षण कोष र सिर्जनशील लघुवित्तबीच कर्जा सुरक्षण सम्झौता



बैंकिङ खबर/निक्षेप तथा कर्जा सुरक्षण कोष र सिर्जनशील लघुवित्त वित्तीय संस्थाबीच आइतबार लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा कोषका जनकपुर शाखा कार्यालयका निमित्त प्रमुख कृष्ण बराल र वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत बटुकशमशेर श्रेष्ठले हस्ताक्षर गरेको कोषले जानकारी दिएको छ ।



राष्ट्रिय वाणिज्य बैंकले स्टार्टअप उद्यमको लागि अधिकतम २५ लाख दिने, ५ वर्षका लागि ३% ब्याजदर


biz शाला

## राष्ट्रिय वाणिज्य बैंकले स्टार्टअप उद्यमको लागि अधिकतम २५ लाख दिने, ५ वर्षका लागि ३% ब्याजदर

काठमाण्डौ । निक्षेप तथा कर्जा सुरक्षण कोष र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान तथा राष्ट्रिय वाणिज्य बैंकबीच स्टार्टअप उद्यम कर्जा सुरक्षणको लागि छुट्टाछुट्टै समझदारी र सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।


CORPORATE NEPAL
निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंकबीच सम्झौता
Credit Guarantee Agreement
काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंक लिमिटेड, काठमाडौंबीच बैंकले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै उपशीर्षक 'केबिएल स्मार्ट बिजनेस लोन फर आईटि कम्पनी' मा प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भयो ।


कर्मचारी PRESS
चन्द्रागिरि र कर्जा सुरक्षण कोषबीच सहकार्य, बिनाधितो कर्जा प्रवाह
कर्मचारी प्रेस १८ फाल्गुन २०८०, शुक्रबार
चन्द्रागिरि नगरपालिकाले आफ्ना उत्पादन, रोजगारी तथा व्यवसाय प्रवर्द्धन गर्न वित्तीय संस्थाको समन्वयमा विपन्न वर्ग तथा लघु उद्यमीलाई बिनाधितो प्रवाह हुने कर्जामा निक्षेप तथा कर्जा सुरक्षण कोषले सुरक्षण गरिदिने भएको छ ।


हाम्रो अर्थ
निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंकबीच सम्झौतापत्रमा हस्ताक्षर
काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोष र कुमारी बैंक लिमिटेड, काठमाडौंबीच सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।


वडापालिका
उद्यमशीलता विकासमा चन्द्रागिरि: ऋण नपाए नगरपालिका जानू, कर्जा डुबे कोष
www.odapalika.com
काठमाडौं । उद्यम व्यवसाय गर्ने सोच बनाउनु भएको छ ? तर, आफूसँग पैसा छैन, घरजग्गा धितो नभए बैंकले ऋण दिदैन भन्ने दिक्दारीमा हुनुहुन्छ भने तपाईंको समस्या अब समस्या होइन ।


HimalayaPost
निक्षेप तथा कर्जा सुरक्षण कोष र श्रृजनशील लघुवित्तबीच कर्जा सुरक्षण सम्झौता
SIGNING CEREMONY
काठमाडौं– निक्षेप तथा कर्जा सुरक्षण कोष र श्रृजनशील लघुवित्त वित्तीय संस्थाबीच आइतबार लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ ।


उज्यालो सन्देश online.com
भरतपुर महानगर र निक्षेप तथा कर्जा सुरक्षण कोषले सहकार्य गर्ने
चितवन । भरतपुर महानगरपालिका र निक्षेप तथा कर्जा सुरक्षण कोषले मिलेर काम गर्ने भएका छन् ।



कर्जा अवसर,
उपयोग कर्तव्य,
चुक्ता महाकर्तव्य ।

कर्जाको किस्ता–ब्याज समयमै तिरौं
जिम्मेबार नागरिकको परिचय दिऊँ ।

ऋण र धन, दुबैको सुरक्षण

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

www.dcgf.gov.np र ☎०१-४५१०६५९, ४५३१७१०

www.dcgf.gov.np info@dcgf.gov.np +977-01-4510659


# निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षा

## पशुपालक किसान र बैंक दुवैको रक्षा




बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई खरिद गरिएका पशुधन चौपायाको सुरक्षण निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्दछ ।

कोषमा सुरक्षित पशुधनको मृत्यु भएमा सुरक्षण रकमको ९० प्रतिशत र अनुत्पादक भएमा ५० प्रतिशत क्षतिपूर्ति ३५ दिन भित्रै पाइन्छ ।



"ऋण र धन, दुबैको सुरक्षण"

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**Deposit & Credit Guarantee Fund**

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)